# १० एकता वा टुटेको सम्बन्ध फेरी गाँस्नु

***यस अध्यायका मूल पदहरू:*** २ तिमोथी ४:११, फिलमन १-२५, २ कोरन्थी १०:१२-१५, रोमी ५:८-११, एफिसी ४:२६ र मत्ती १८:१५-१७।

***यस अध्यायको मूल सार पद:*** **"यदि हामी शत्रु वा परमेश्वरप्रतिको विश्वासमा बिद्रोह गर्नेहरू भएकै बेलामा उहाँको पुत्रको मृत्युद्वारा उहाँसँग मेलमिलाप गराइयो भने उहाँको मुक्ति दिनु जीवनद्वारा अझ हामीलाई उहाँसँग मिलाइएको छ" (रोमी ५:१० रूपान्तरित)।**

पेन्टिकोस्टको समयमा पवित्र आत्माको अलौकिक वर्षापछि पनि येशूलाई विश्वास गर्ने भक्तहरूको बीचमा समय समयमा तनाव भइरहेको हामीले अगाडि अध्यायहरूमा हेर्‍यौं। यस्ता तनाव दिने खालको चुनौतीहरूलाई चर्चका अगुवा र विश्वासी सदस्यहरूले कसरी सामना गरे भनेर देखाइएका उदाहरणहरू नयाँ करारमा बारम्बार उल्लेख गरिको पाइन्छ। सुरुको चर्चका अगुवा र येशूभक्तहरूले कुन नीति अपनाएर चर्चलाई टुक्राउन खोज्ने तत्वहरूको समाधान गरे भन्ने ज्ञान अहिलेको चर्चमा पनि अत्यन्त सान्दर्भिक र मूल्यवान ठानिनु जरुरी छ। चर्चमा आउने द्वन्द, मनमुताव वा मतभेदको सामना गर्न यदि हामीले तिनीहरूले अपनाएका बाइबलको नीतिहरूलाई प्रयोग गर्न हामी सक्षम् भयौं भने त्यसको नतिजा सकारात्मक हुन्छ र हामीहरूको एकता येशू ख्रीष्टमा सुरक्षित हुन्छ भनेर हामीलाई देखाइएको छ।

यस अध्यायमा टुटेको सम्बन्ध फेरि कसरी गाँसियो र हामीहरूको मानवीय सम्बन्धले येशूसँग एक हुने तत्वलाई कसरी प्रभाव पार्छ भनेर यस अध्यायमा हामी हेर्नेछौं। मानिसहरूलाई परमेश्वरको सामु ल्याउन र एक आफसमा नजिक राख्न पवित्र आत्माको सेवाकार्य समावेश भएको हुन्छ। परमेश्वर र हामीहरूको बीचमा खडा भएका विभिन्न तगारो वा पर्खालहरू र हामी मानिसहरूकै बीचमा भएका ती विभिन्न तगारो वा पर्खालहरू भत्काउन पवित्र आत्माको उल्लेखनीय भूमिका हुन्छ। छोटकरीमा भन्ने हो भने यदि कोही सुसमाचारको शक्तिको प्रभावको महान् प्रदर्शन कसैले हेर्न चाहन्छ भने चर्चले के भन्छमा होइन तर चर्च कसरी जिउँछले देखाउन सक्छ।

"यदि तिमीहरूले एक आपसमा प्रेम गऱ्यौ भने सारा मानिसहरूले थाहा पाउने छन् कि तिमीहरू मेरा चेलाहरू हौ"-( यूहन्ना १३:३५ रूपान्तरित)। यदि येशूको प्रेममा हामी चल्न असमर्थ भयौं भने हामीहरूले चर्चको एकताको बारेमा वा गरिमामय चर्चको इज्जतको निम्ति जतिसुकै आदर्शका भाषणहरू छाँटेतापनि त्यसको अर्थ केही हुनेछैन।

## १ टुक्रिएको सम्बन्ध फेरि गाँस्नु

येशूका परमभक्त पावल र बार्णावास सुसामाचार प्रचारको निम्ति सँगसँगै एक भएर काम गरेका थिए। तर डर छेरुवा मर्कूसमाथि भर पर्नुहुन्छ कि हुँदैन वा परमेश्वरको काममा उनलाई विश्वास गर्न सकिन्छ कि सकिँदैन भनेर पावल र बर्णावासको बीचमा कचकच भएको थियो (प्रेरित १५:३६-३९)। जब सुसमाचार प्रचार गर्दा ठूलो खतराको सामना गर्नुपर्ने अबस्था मर्कूसले देखे तब उनले त्यो काम छोडेर भागेका थिए (प्रेरित १३:१३)।

"जब मर्कूसले सुसमचारीय कामलाई त्यागे तब उनको बारेमा पावलको दृष्टिकोण अत्यन्त नकारात्मक भएको थियो। सुसमाचारको काममा उनमा भर पर्नु हुन्न भनेर पावलले कठोर नीति लिएका थिए। तर वार्णावासले मर्कूसको अनुभव नभएको कारणले उनीप्रति नरम नीति अपनाएर उनलाई माफ दिने मनस्थिति बनाएका थिए। मर्कूसले सुसकाचारीय काम छोड्नु नहुने पक्षमा बार्णावास थिए किनभने मर्कूसमा ख्रीष्टको कामको निम्ति अत्यन्त उपयोगी र योग्य भएको खुबी वार्णावासले देखेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ द आपोस्टल्स, पृ. १७०बाट रूपान्तरित।

परमेश्वरले ती सबै मानिसहरूलाई प्रयोग गर्नुभएतापनि तिनीहरूको बीचमा जुन विषयलाई लिएर कचकच वा मनमुटाव भएको थियो त्यसलाई समाधान गर्नु आवश्यक थियो। प्रेरित पावलले अनुग्रहको बारेमा प्रचार गरेका थिए तर उनलाई निराश पार्ने युवा प्रचारक मर्कूसलाई अनुग्रहको हात फैलाउन आवश्यकता भएको थियो। सबैलाई क्षमा दिनुपर्छ भनेर सिकाउने प्रेरित अगुवा आफैले पनि क्षमा दिनुपर्ने आवश्यक भएको थियो। समय बित्दै जाँदा बार्णावासको संरक्षणमा सुसमचरीय कामप्रति मर्कूसको प्रतिवद्धता बढ्दै गयो (प्रेरित १५:३९) र मर्कूसमा आएको परिवर्तनले पावलको हृदय छोएको थियो।

पहिला आफू यूहन्ना मर्कूसप्रति नकारात्मक देखिएतापनि उनले देखाएका सुसमाचारप्रतिको लगनशीलताबाट प्रभावित भएर पावलले उनीसँग फेरि सुमधुर सम्बन्ध गाँसेका थिए र युवा प्रचारकप्रति नयाँ भरोसा राखेका थिए। मर्कूसप्रति पावलको धारणा कसरी परिवर्तन भएको थियो भनेर तिमोथीलाई लेखेको पत्रमा र कलस्सीको चर्चलाई लेखेका पत्रमा उल्लेख गरिएको देहायका केही पदहरूले देखाएको हेर्नुहोस्: कलस्सी ४:१०,११ "१० मेरा सङ्गी-कैदी, अरिस्तार्खसले तिमीहरूलाई अभिवादन पठाएका छन्। बारनाबासको भानिज मर्कूसको पनि अभिवादन। तिनको विषयमा तिमीहरूले आदेश पाइसकेका छौ- तिनी तिमीहरूकहाँ आए भने तिनलाई स्वागत गर। ११ युस्तस नाउँ भएका येशूले पनि तिमीहरूलाई अभिवादन पठाएका छन्। परमेश्वरका राज्यको निम्ति मेरा सहकर्मीहरूमध्ये यहूदी विश्वासीहरू यिनीहरू मात्र हुन्। यिनीहरूद्वारा मलाई सान्त्वना मिलेको छ।" र २ तिमोथी ४:११ "लूका मात्र मसँग छन्। मर्कूसलाई खोजेर तिमी साथै ल्याऊ, किनकि तिनी मेरा सेवा गर्नमा खूबै उपयोगी छन्।"

पावल मर्कूससँग फेरि कसरी मिल्न पुगे भनेर विस्तृत विवरण नलेखिएतापनि पावल र मर्कूसको बिचमा फेरि सौहाद्र सम्बन्ध भएको बाइबलले स्पष्ट गरेको छ। पावलको सहकर्मीहरूमा यूहन्ना मर्कूस पनि अत्यन्त बिश्वासिलो र भरपर्दो साबित भएको थियो। "आफ्नो सहकर्मी" भनेर पावलले यूहन्ना मर्कुसको मुक्त कंठले प्रशंसा गर्दै कलस्सीको चर्चलाई लेख्दछन्। रोमीको निरुङ्कुस बादशाह निरोले तोकिएको मृत्युदण्ड भोग्न झ्यालखानामा परिरहेको पावलले यूहन्ना मर्कुसलाई रोममा ल्याउन तिमोथीलाई जोड गरेर अनुरोध गर्दछन्। पावलले लेख्दछन् "सुसमाचार कार्यमा मेरो निम्ति अत्यन्त उपयोगी ठहरिएको छ" (२ तिमोथी ४:११ रूपान्तरित)। त्यस युवा प्रचारकको क्रियाकलापले पावलको सेवाकार्य अत्यन्त फलदायी हुन गएको थियो। त्यसले गर्दा पावलले मर्कूसलाई दिलैदेखि क्षमा दिए भन्ने प्रमाणित हुन्छ। पावल र मर्कूसको बीचमा भएको मनमुटाव, गलत सोच वा मिस अण्डरस्टान्डिङ्ग, मनै नमिल्ने वा कुरै नमिल्ने खालका तगारोहरू भत्किएका थिए र सुसमाचार प्रचारको निम्ति तिनीहरू फेरि एक भएर काम गर्न पुगेका थिए। मर्कूसको मामिलालाई लिएर पावलले आफू ठिक भएको जे सोचेतापनि वा उनीप्रति जुनसुकै व्यवहार देखाएतापनि अब सुसमाचारको दियोको सामु ती सबै बिलाएर गएका थिए।

**जसले हामीलाई चित्त दुखाउँछ, निराश पार्छ वा हानी नै गर्न खोज्छ त्यसलाई क्षमा दिन हामीले कसरी सिक्ने? फेरि त्यस वखत क्षमा दियो भन्दैमा पहिलाकै स्थितिमा पुनर्स्थापित सधैं हुन्छ भन्ने छैन भन्ने तितो सत्यलाई कसरी लिने? वा फेरि मन मिल्नुपर्छ नै पर्छ भन्ने पनि किन छैन?**

## २. दासबाट पुत्र

पावल रोमको झ्यालखानामा कैदी भएर अन्तिम दिन बिताइरहेका थिए। त्यस बेला उनले एक जना भगुवा दाससँग भेट भयो। उसको नाउँ ओनेसिमस थियो। ऊ कलस्सी सहरबाट रोममा भागेको थियो। ओनेसिमसको मालिक फिलेमोनलाई पावलले व्यक्तिगत रूपमा राम्रोसँग चिनेको कुरा ओनेसिमसले भएको थाहा पाए। पावलका प्रायजसो सबै पत्रहरू चर्चलाई सम्बोधन गरेर लेखेका थिए। तर फिलेमोनको पत्र विशेष गरेर उनको व्यक्तिगत थियो। भगुवा दासलाई क्षमा दिइ फेरि फिर्ता लिन आफ्नो साथीलाई अनुरोध गर्दै त्यो पत्र पावलले लेखेका थिए। कुनै पनि व्यक्तिले इसाई हुँ भनेर दावी गर्छन् वा म येशूको अनुयायी हुँ भनेर दावी गर्छ भने त्यो दावीलाई एक आपसको सम्बन्धद्वारा पुष्टि गर्छ भनेर पावलको अडान थियो। जब विश्वासीहरूको जीवनमा कसैसँग मनमुताव वा रिसिबी राखेर सम्बन्ध बिगारेर चल्छ भने उसको निम्ति त्यो आत्मिक बिकासमा र चर्चको एकतामा घातक हुने कुरा पावललाई थाहा थियो। कलस्सी सहरमा फिलमेन चर्चको अगुवा थियो। आफ्नो दास अनिसमस भगुवा भएकोले उसप्रति रिस राखेर चर्चलाई संचालन गरियो भने प्रभुको निम्ति गवाही हुने काममा नराम्रो दाग लाग्दथ्यो। प्रभुलाई विश्वास नगर्ने मानिसहरूको बीचमा उनी केवल देखावटी इसाईमात्र भएको प्रमाणित हुन्थ्यो। उनी आफैले क्षमा दिन सकेनन् भने अरूलाई क्षमा दिने आदर्शको भाषण सुनाउँदा त्यसको कुनै असर हुने थिएन।

**पावलले आफ्नो विश्वासी मित्रलाई लेखेका फिलेमोनको पत्र पढ्नुहोस्। यसमा केवल एक अध्यायमात्र छ। बिग्रिएको सम्बन्ध जोड्ने नीति लिन पावलले आफ्नो मित्रलाई अनुरोध गरेका थिए। यस पत्रको मूल विषयबस्तु नै इसाई जिवनमा अपनाउनुपर्ने नीतिहरू कोरिएको छ। हेर्नुहोस् "१ ख्रीष्ट येशूको कैदी पावल र हाम्रा भाइ तिमोथीबाट, २ हाम्रा प्रिय सहकर्मी फिलेमोन, हाम्री बहिनी अप्फिया र हाम्रा सङ्गी-सिपाही अर्खिप्पस, र तिम्रो घरका**

मण्डलीलाईः तिमीहरूलाई अनुग्रह र हाम्रा पिता परमेश्‍वर र प्रभु येशू ख्रीष्टबाट
शान्ति! ४ मेरा प्रार्थनाहरूमा जब म तिमीलाई स्मरण गर्दछु तब म मेरा
परमेश्‍वरलाई सधैं धन्यवाद दिन्छु, ५ किनकि प्रभु येशूमाथिको तिम्रो विश्‍वासको
विषयमा र सन्तहरूप्रति तिम्रो प्रेमको विषयमा सुन्दछु। ६ म प्रार्थना गर्दछु कि
तिम्रो विश्‍वासको सहभागिताले ख्रीष्टमा भएका हाम्रा सबै असल कुराका ज्ञानको
वृद्धि गर्न सकोस्। ७ मेरा भाइ, तिम्रो प्रेमबाट मैले धेरै आनन्द र सान्त्वना
पाएको छु, किनकि तिमीद्वारा सन्तहरूका हृदय फेरि ताजा भएका छन्। ८
तिमीले के गर्नुपर्ने हो, सो गर्न आज्ञा दिनलाई ख्रीष्टमा मलाई साहस भए तापनि,
९ प्रेमको खातिर म तिमीलाई बरु अनुरोध गर्न चाहन्छु, म वृद्ध पावल, अनि
अहिले ख्रीष्ट येशूको एक कैदी १० मेरा छोरा ओनेसिमसको निम्ति म निवेदन
गर्दछु, जसको निम्ति मेरो कैदी अवस्थामा म पिता बनेको छु। ११ तिनी अगाडि
तिम्रो निम्ति बेकम्मा थिए, तर अहिले तिम्रो निम्ति र मेरो निम्ति पनि काम लाग्ने
भएका छन्। १२ म तिनलाई, जो मेरो आफ्नै हृदयको टुक्रा हो, तिमीकहाँ
फर्काइपठाउँदैछु। १३ तिनलाई मसँगै राख्न म खुशी हुनेथिएँ, किनकि
सुसमाचारको निम्ति मेरो बन्दी अवस्थामा तिम्रो सट्टामा तिनले मेरो सेवा गर्न
सक्तथिए, १४ तर तिम्रो अनुमतिविना म केही गर्न चाहन्नँ, ताकि तिम्रो भलाइ
करकापले गरिएको नहोस्, तर तिम्रो आफ्नै स्वइच्छाले गरिएको होस्। १५
शायद तिमीबाट केही समयको निम्ति तिनी अलग्ग भएका थिए, ताकि तिनी
सधैंको निम्ति तिमीसँग बस्न सकून्– १६ अब उसो कमाराजस्तो होइन, तर
कमाराभन्दा बढ़ी, प्रिय भाइजस्तै, विशेष गरी मेरो निम्ति, तर झन् बढ़ी शरीरमा र
प्रभुमा समेत, तिम्रो निम्ति। १७ यसैले यदि तिमीले मलाई आफ्नै साझेदार
सम्झन्छौ भने मलाई झैं तिनलाई ग्रहण गर। १८ यदि तिनले तिमीलाई केही
खराबी गरेकै भए पनि, अथवा केही कुराको तिनी ऋणी छन् भने, सो मेरो
हिसाबमा राखिदेऊ। १९ म पावल, आफ्नै हातले यो लेख्तछु। त्यो ऋण म
स्वयम् तिरिदिनेछु। तिमीलाई भनिरहनुपर्दैन होला, कि आफ्नै निम्ति पनि तिमी
मेरो ऋणी छौ। २० प्रिय भाइ, तिमीबाट प्रभुमा केही लाभ पाऊँ भन्ने म
चाहन्छु। ख्रीष्टमा मेरो हृदयलाई फेरि ताजा बनाइदेऊ। २१ तिम्रो
आज्ञापालनमा भरोसा राखी मैले मागेको भन्दा झन् बढ़ी गर्नेछौ भन्ठानेर म
तिमीलाई लेख्दैछु। २२ साथै मेरो निम्ति एउटा पाहुना-कोठा ठीक पारी
राखिदेऊ, किनकि तिम्रो प्रार्थनाद्वारा म पनि तिमीकहाँ आउन पाउँछु कि भन्ने
आशा गर्दछु। २३ येशू ख्रीष्टमा मेरो सङ्गी-कैदी इपाफ्रासले तिमीलाई अभिवादन

**पठाएका छन्। २४ त्यसै गरी सहकर्मी मर्कूस, अरिस्तार्खस, डेमास र लूकाले पनि। २५ प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग रहोस्।" (फिलेमोन)।**

बर्तमान परिप्रेक्ष्यमा झट्ट हेर्दा दासप्रथालाई ल्याउने दुष्ट सामाजिक बिकृतिको बिरोधमा पावलले किन घनघोर आपत्ति जनाएन भनेर हामी छक्क पर्दछौं होला। तर पावलको रणनीति सामाजिक सुधारको निम्ति दासप्रथा विरुद्ध आवाज उठाउनु भन्दा अझ प्रभावकारी थियो। यदि कसैले येशूको सुमाचारलाई ग्रहण गर्छ भने त्यसले कुनै किसिमको वर्गले ल्याउने मानिस र मानिसको बीचमा ल्याउने पर्खाल वा भिन्नताहरूलाई स्वःत तोड्थ्यो (हेर्नुहोस् गलाती ३:२८ "अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ।" र कलस्सी ३:१०,११ "१० (तिमीहरूले) नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ। ११ यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ")।

ओनेसीमसलाई आफूसँग राख्ने उनको अधिकार भएको दावी गरेतापनि इसाईहरूको बीचमा सुमधुर सम्बन्ध हुनुपर्छ भन्ने अनुकरणीय उदाहरण प्रस्तुत गर्न पावलले फिलेमोनकहाँ नै फिर्ता पठाए। तर पावलले ओनेसिमसलाई फिलोमनको दासको रूपमा होइन तर येशूमा पुत्र बनाएर पठाइएको थियो। अब ओनेसिमस दास होइन प्रभुमा प्रिय भाइ भनेर ग्रहण गर भनेर पावलले फिलेमोनलाई बिनम्रतासाथ अनुरोध गरेका थिए (फिलेमोन १६)।

तत्कालीन रोमी सभ्यतामा यदी कोही दास भाग्छ भने उसको भविष्य अन्धकार हुन्छ भन्ने कुरो पावललाई थाहा थियो। उसलाई कुनै बेला पक्रिन सक्थ्यो र उसलाई कङ्गाल बनाएर गरिबीको चपेटामा पार्न सक्थ्यो। त्यतिमात्र नभएर दासको स्वामीले उसलाई मार्न पनि सक्थ्यो। तर अब ओनेसिमस, फिलेमोनको येशूमा भाइ र स्वइच्छाले काम गर्ने भएर प्रस्तुत गरिँदा उसको भविष्य उज्यालो बन्न गएको थियो। फिलेमोनको अन्तर्गत अब ओनेसिमसको खाना, बस्ने र काम अझ सुरक्षित हुन पुगेको थियो। विग्रिएको सम्बन्धमा पुन समन्ध गाँसिन्दा ओनेसिमसको जीवनमा नाटकीय परिवर्तन हुनसक्थ्यो। उनी अब दास होइन विश्वासिलो र प्रिय भाइ र सुसमाचारको निम्ति पावलको सहयोगी हुन पुगेको थियो (कलस्सी ४:९)। फिलेमोन र ओनेसिमसको बीचमा

सम्बन्ध राम्रोसँग गाँस्न पावलले यस्तो तिब्र इच्छा व्यक्त गरेका थिए कि यदि ओनेसिमसले पैसाको मामिलामा केही बदमासी गरेको भए पावल आफैले त्यसको हर्जाना तिर्ने कबुल गरेका थिए। प्रायजसो जब दुई इसाई विश्वासीहरूको बीचमा पैसाको मामिलामा गडबड भएर एक आपसको सम्बन्ध टुट्यो भने कसैले त्यो सम्बन्ध गाँस्न पहल गर्नु जरुरी हुन्छ। फिलेमोन र ओनेसिमसको मामिलामा पावलले पहल गरेका थिए।

अहिले एक आपसको सम्बन्धको बारेमा सुसमाचारमा लेखिएका नीतिहरूको बारेमा हामीले हेर्‍यौं। तपाईंको पनि त्यस्तै नराम्रो सम्बन्ध कसैसँग छ वा त्यसले गर्दा तपाईंलाई तनाव भइरहेको छ वा उसँगको सम्बन्ध बिग्रिएको छ भने पावलले अपनाएका नीतिहरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ वा व्यवहारमा लागु गर्न सक्नुहुन्छ? चर्चमै पनि एक आपसमा टुक्रिने सम्बन्धलाई फिलेमोनको पत्रमा लेखिएका नीतिहरूलाई आत्मसात् गरेर एक आपसमा एकताको शुत्रमा कसरी बाँधिने?

## ३. एकताको निम्ति परमेश्वरले दिने आत्मिक बरदानहरू

कोरन्थीको चर्चका विश्वासीहरूको बीचमा जटिल समस्याहरू खडा भएका थिए भनेर हामीले अघिल्लो अध्यायहरूमा हेर्‍यौं। चर्चको एकतालाई कायम राख्न पावलले देहायका पदहरूमा केही नीतिहरू दिएका छन्। ती नीतिहरू विश्वासीहरूको बीचमा भएका मनमुटाव हटाउन, फाटिएको चित्तलाई मर्मत गर्न र बिग्रिएको सम्बन्धलाई फेरि जोड्न किन महत्त्वपूर्ण छन्? हेर्नुहोस्ः १ कोरन्थी ३:१-१५ "१ भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे बालकसँग बोलेजस्तै म बोल्न सकें। २ मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, अनि अझ पनि छैनौ। ३ तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र? ४ किनकि एउटाले "पावलको" र अर्काले "मचाहिँ अपोल्लोसको" भन्छ भने, सांसारिक मानिसजस्ता भएनौ र? ५ अपोल्लोस के हो? पावल के हो? प्रभुले हरेकलाई खटाउनुभएअनुसार सेवकहरू मात्र हुन्, जसद्वारा तिमीहरूले विश्वास गर्‍यौ। ६ मैले रोपें, अपोल्लोसले पानी हाले, तर परमेश्वरले नै बढ़ाउनुभयो। ७ यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वर मात्र, जसले

वृद्धि दिनुहुन्छ। ८ रोप्ने र पानी हाल्ने एकै समान हुन्। हरेकले आफ्ना-आफ्नै मेहनतअनुसार आफ्नो ज्याला पाउनेछ। ९ किनकि हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ। १० मलाई दिइएको परमेश्वरको अनुग्रहअनुसार, घर बनाउने निपुण कारीगरले जस्तै मैले जग बसालें, र अर्काले त्यसमाथि घर बनाउँदैजान्छ। त्यसमाथि बनाउँदैजाने हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान देओस्। ११ किनकि जुन जग बसालिसकिएको छ, जो येशू ख्रीष्ट हुनुहुन्छ, त्यसबाहेक कुनै मानिसले अर्को जग बसाल्न सक्दैन। १२ यदि कुनै मानिसले यस जगमाथि सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, १३ प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। १४ यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। १५ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैं बाँच्नेछ।" ,१ कोरन्थी १२:१-११ "१ भाइ हो, आत्मिक वरदानको विषयमा तिमीहरू अजान रहो भन्ने मेरो इच्छा छैन। २ तिमीहरूलाई थाहै छ, कि जब तिमीहरू अविश्वासी थियौ, तब कुनै न कुनै प्रकारले प्रभावित भएर तिमीहरू बोल्नै नसक्ने मूर्तिहरूतिर बहकिएका थियौ। ३ यसकारण तिमीहरूले यो कुरा बुझेका म चाहन्छु, कि परमेश्वरका आत्माद्वारा बोल्ने कसैले "येशू श्रापित होस्" भन्दैन, अनि पवित्र आत्माद्वारा मात्र "येशू नै प्रभु हुनुहुन्छ" भन्न सक्छ। ४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।"

पावलले लेखेका माथिका वचनहरूमा चर्चमा एकता कायम राख्नका लागि आवश्यक खाकाहरू लेखेका छन्। परमेश्वरको राज्यको निम्ति सबै जना एक जुट भएर परिश्रम गरेतापनि उहाँको चर्चमा गर्नुपर्ने विभिन्न सेवाकार्यको निम्ति येशूले विभिन्न खुबी भएका विभिन्न सेवकहरूलाई प्रयोग गर्नुहुन्छ भनेर पावलले औंल्याउँछन् (१ कोरन्थी ३:९)।

परमेश्वरले हामीहरूलाई एक आपसमा प्रतिस्पर्धा गर्न होइन मिलीजुली सहकार्य गर्न बोलाउनुभएको हो। प्रभु येशूको शरीरको सेवा गर्न र समाजको सेवा गर्न (१ कोरन्थी १२:११) प्रत्येक विश्वासीलाई परमेश्वरले कुनै न कुनै बरदान वा खुबी दिनुभएको छ। कसैको बरदान ठूलो वा बढी महत्त्वको र कसैको बरदान कम महत्त्वको वा कमसलको हुन्छ भन्ने छैन। येशूको चर्चको निम्ति सबै बरदान वा खुबीहरूको आवश्यकता छ (१ कोरन्थी १२:१२-३० "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै। २१ आँखाले हातलाई "मलाई तेरो दरकार छैन" भन्न सक्दैन, र शिरले पनि खुट्टालाई "मलाई तिमीहरूको दरकार छैन" भन्न सक्दैन। २२ बरु शरीरका अझ दुर्बल देखिने अङ्गहरू नै नभई नहुने हुन्छन्। २३ शरीरका ती अङ्गहरू जुनहरूलाई हामी कम महत्त्वका ठान्छौं, तिनलाई हामी बढ्ता आदर दिन्छौं। प्रत्यक्ष रूपले देखाउन नसकिने अङ्गहरूलाई हामी बढ़ी भद्रतासाथ राख्छौं, २४ प्रत्यक्ष देखाउन सकिने हाम्रा अङ्गहरूलाई त्यस्तो हिफाजत चाहिँदैन। तर परमेश्वरले हाम्रो शरीरलाई यसरी मिलाउनुभएको छ कि हीन अङ्गहरूलाई बढ़ी आदर प्रदान गर्नुभएको छ, २५ ताकि शरीरमा बेमेल

नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून्। २६ यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्। २७ तिमीहरू ख्रीष्टका शरीर हौ, र हरेक त्यसका अङ्गहरू हौ। २८ परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, तब आश्चर्य काम गर्नेहरू, र निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, प्रशासन गर्नेहरू, विभिन्न भाषा बोल्नेहरू नियुक्त गर्नुभएको छ। २९ के सबै प्रेरितहरू हुन्? के सबै अगमवक्ता हुन्? के सबै शिक्षक हुन्? के सबै आश्चर्यकर्म गर्नेहरू हुन्? ३० के सबैसँग निको पार्ने वरदानहरू हुन्छन्? के सबैले विभिन्न भाषा बोल्दछन्? के सबैले अर्थ खोल्न सक्छन् र?")।

परमेश्वरले हामीहरूलाई दिनुभएको खुबी, प्रतिभा वा बरदानहरू हामीहरूको स्वार्थलाई सबैको सामु प्रदर्शन गर्न दिनुभएको होइन। सुसमाचार प्रचारको सेवाकार्य गर्न पवित्र आत्माले ती बरदान वा खुबीहरू हामीलाई दिनुभएको हो।

एकले अर्कोसँग दाँज्नु वा तुलना गर्नु मूर्खता हो। यदि हामीले एक आपसलाई हेऱ्यौं र दाँज्न थाल्यौं भने या त हामी निराश हुन्छौं वा हामी घमण्डले फुल्दछौं। यदि हामीहरूले अरूहरू हामी भन्दा कति ठूलो वा महान् छन्, कति पढेलेखेका वा जान्नेछन् भनेर हेर्न थाल्यौं भने हामी जुनसुकै काममा लागिरहेतापनि हामी निराश र हतोत्साहित हुन्छौं। फेरि प्रभु येशूको निम्ति मैले गरिरहेको काम अरुको भन्दा प्रभावशाली वा महत्त्वको छ भनेर फुल्न थाल्यौं भने हामी घमण्डले मात्तिन थाल्नेछौं जुन कुनै येशूका भक्तले त्यस्तो मनस्थितिलाई पोषाइ राख्न सुहाउँदैन।

अरूसँग दाँजेर आफू कमजोर भएको ठान्ने प्रवृति र अरूको भन्दा आफ्नो काम वढी महत्त्वको भएको ठान्ने प्रवृत्तिले येशूको प्रभावकारी कामलाई लङ्गडो बनाउँछ। त्यसले एक आपसमा हुनुपर्ने सङ्गतिलाई पनि बिगार्दछ। जब येशूले हामीलाई दिनुभएको आआफ्नै खुबी वा प्रतिभाको क्षेत्रमा संतुष्ट भएर काम गर्दछौं तब येशूको निम्ति गवाही दिने काममा आनन्द भएको महसुस गर्दछौं र नगनगनाइ संतोषको काममा सक्रिय हुन्छौं। चर्चका अरू सदस्यहरूले गरिरहेको परिश्रममा हामीहरूले पनि हाँमा हाँ मिलाएर चल्न सक्यौं भने प्रभुको काममा सुनमा सुगन्ध हुन्छ र परमेश्वरको राज्यमा ठूलो कदम चाल्न ख्रीष्टको चर्चले सफलता हासिल गर्न सक्छ।

तपाईंले आत्मआलोचना गरेर हेर्नुहोस्, के चर्चमा कसैले गर्ने सेवाकार्यको बरदानप्रति तपाईं डाही हुनुभएको छ? (शायद नहुने को होला?)। फेरि त्यसै बखत अरूमा नभएको खुबी तपाईंमा भएर तपाईं कतिको घमण्डी हुनुभएको छ? पावलले जे भन्न खोजिरहेका छन् त्यो पतित मानव समाजमा हरदम नाचिरहेको वास्तविक तत्व हो। हामी जुनसुकै पक्षमा छौं भनेर ठानेतापनि येशू ख्रीष्टमा भएको एकता कायम राख्न हामीहरूमा निश्वार्थी मनस्थिति हुनु किन आवश्यक छ? र चर्चको एकताको निम्ति कुनै पनि परिस्थितिमा आफ्नो भाऊ नखोज्न कसरी सिक्ने?

## ४. क्षमाशील हुनु

सामान्य अर्थमा क्षमा दिनु भनेको के हो? के क्षमा दिएँ भन्दा कुनै पनि खराब कामको खराबीपना हराउँछ वा आँखा चिम्लनु उचित हो त? कसैले हामीलाई अत्यन्त नराम्रो गऱ्यो भने त्यसलाई क्षमा दिंदा उसले नराम्रो काम गरेको ठिक ठहर्छ त? मलाई दुःख दिने वा मलाई चित्त दुखाउनेलाई क्षमा दिनु भनेको त्यस दुःख दिने वा चित्त दुखाउनेले क्षमा मागेमा वा पश्चाताप गरेकोमा भर पर्छ र? जुन व्यक्तिप्रति मेरो रिस छ त्यो व्यक्ति मेरो क्षमाको योग्य छैन भनेर के हामी चित्त बुझाएर बस्न सक्छौं?

**देहायका केही पदहरूमा क्षमा भनेको के हो वा त्यसको स्वभाव के हो भनेर बाइबलको नीतिमा के लेखिएको छ? हेर्नुहोस्ः रोमी ५ः८-११ "५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ। ६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। ९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। १० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। ११ यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।", लूका २३ः३२-३४ "३२**

अब तिनीहरूले दुई अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे। ३३ जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे। ३४ अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।" अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले।, २ कोरन्थी ५:११६-२१ "१६ अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभय।" र एफिसी ४:२५-२७ "२५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ।"

परमेश्वरबाट टाढा भएका हामी मानिस जातिहरू उहाँसँग मिलोस भनेर पहिलो कदम त येशू आफैले चाल्नुभयो। त्यो कदमले मानिसहरूलाई प्रथम् आफूसँग मिलाउन चाल्नुभएको थियो ताकि हामीहरू परमेश्वरसँग मिल्न सकौं। हामीहरूको कुनै धर्मकर्मले होइन तर "परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?" भनेर पावलले रोमी २:४ व्यक्त गर्दछन्। हामी पापी छँदै प्रभु येशूले गर्दा परमेश्वर पितासँग पुनर्मिलन गराइएको छ। हामीहरूको रोइ, कराइ, पश्चाताप, पापको स्वीकार, धर्मकर्म, त्याग, तपस्या, असल वा परोपकारीय काम आदिले परमेश्वरको मन पग्लिएर उहाँसँग मिल्ने

वातावरण सृजना हुने होइन। तर क्रुसमा येशू मर्नु भएकै कारणले हामी परमेश्वरसँग फेरि मिल्ने सौभाग्य हामीले पाएका छौं। तर हामीले केवल त्यही निर्णायक निर्णय लिने हो जुन् हामीहरूको सट्टामा येशू मर्नुभएको थियो भनेर स्वीकार गर्ने वा नगर्ने।

हो, जबसम्म हामीहरूले हामीहरूको पापलाई स्वीकार गर्दैनौं तब सम्म परमेश्वरले दिनुहुने क्षमाको आशिषको अनुभव हामीहरूले गर्न सक्दैनौं। त्यसको अर्थ यो होइन कि हामीहरूको पश्चाताप वा पापको स्वीकारले गर्दा परमेश्वरको हृदयमा क्षमाको सृजना हुन्छ। बरू पश्चाताप र पापको स्वीकारले गर्दा परमेश्वरको आशिष पाउन हामीलाई समर्थ गराउँछ (९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।" १ यूहन्ना १:९-१०)। पापको स्वीकार, हामीहरूको गलत जीवनप्रति पश्चाताप गर्नु अत्यन्त अनिवार्य छ तर त्यसले गर्दा हामीहरूप्रति परमेश्वरको मनिस्थिति परिवर्तन हुने होइन बरू हामीहरूको मनस्थिति उहाँप्रति परिवर्तन हुन जानको निम्ति हो। जब पवित्र आत्माको आवाजले हामीहरूको अन्तरविवेक वा चेतनामा हामी कुन बाटोमा हिंड्नुपर्छ भनेर घचघचाइ रहेको हुन्छ तब हामी त्यसलाई सुनेर हामीहरूको पापको पश्चाताप गर्छौं र पाप वा गलत बाटोमा हिंडिरहेका रहेछौं भनेर स्वीकार्दछौं तब हामीहरू परिवर्तन हुन्छौं।

परमेश्वरको क्षमामात्र पाउनु होइन तर हामीहरूको स्वस्थ आत्मिक जीवनको निम्ति अरूलाई क्षमा दिनु पनि अत्यन्त निर्णायक भएको ठान्नुपर्छ। हो, कतिपयले हामीहरूप्रति आक्रामक भएर हानी गर्न खोज्दछन्, हामीलाई गद्दारी पनि गर्छन् होलान्, हामीहरूको चित्त अत्यन्त दुखाउलान्, हामीप्रति रिसिबी, डाहा आदि देखाउलान् र तिनीहरू हामीहरूको क्षमाको योग्य पनि नहोलान् तर हामीहरूको हृदयमा तिनीहरूलाई क्षमा दिने हृदय हामीमा भएन भने त्यो मनिस्थितिले तिनीहरूलाई भन्दा हामीहरूलाई नै बढि नोक्सान हुन्छ। कसैले तपाईंको चित्त दुखायो वा तपाईंलाई गलत व्यवहार गर्‍यो र तपाईंलाई क्रुद्ध बनायो तर तपाईंले तपाईंको मनभित्र तिनीहरूले दिएको पीडा गुम्साइराख्नुभयो र उसलाई क्षमा दिन असमर्थ हुनुभयो भने त्यसले अझ धेरै तपाईंलाई पीडा दिने अधिकार तपाईंले उसलाई दिइरहनुभएको हुन्छ (अर्थात्

मानौं तपाईं उसको दास हो किनभने तपाईंको भावनालाई उसको नियन्त्रणमा छोड्नुभएको छ)। यस्ता खालको चोटलाई पोषाइ राख्दा र हृदयमा फाटेको चित्तलाई फताइ राख्दा चर्चमा तनाव र विभाजनको सृजना हुन्छ। यदि चर्चका विश्वासीहरूको बीचमा भएको आपसी मनमुटाव र चोटलाई सुल्झाउन सकिएन भने येशूको शरीर रूपी चर्चको एकतालाई चोट पर्दछ।

यदि अरूलाई क्षमा दिन हामी सक्षम् भयौं भने अरूले हामीलाई दिइरहेको दोषबाट हामी मुक्त हुन्छौं किनभने उहाले हामीलाई दिनुपर्ने दोषबाट हामीलाई उहाँले नै मुक्त पार्नुभएको छ। यसको अर्थ यो होइन कि अरूले हामीप्रति गरेको दुर्व्यवहार ठिक ठहरिन्छ। तर येशूलाई हामीले गरेको दुर्व्यहार वा उहाँको बाटोमा नहिँडि गलत बाटोमा हिँड्दापनि उहाँले हामीलाई क्षमा दिनुभएर उहाँसँग मिलाप गराउनुभयो त्यही मनस्थिति बोकेर हामी पनि अरूसँग मिल्न सक्दछौं। हामीलाई क्षमा दिइएकै कारणले हामीले पनि अरूलाई क्षमा दिन सक्छौं। हामीलाई माया गरेको कारणले नै हामीले पनि अरूलाई माया गर्द सक्छौं। अरूलाई क्षमा दिने वा नदिने त्यो आत्मनिर्णयको अधिकार हामीमा नै भएको हुन्छ। त्यसलाई कसैले पनि हस्तक्षेप गर्न सक्दैन। अरूले हामीप्रति कस्तो धारणा राखेको छ वा अरूले हामीलाई कस्तो दुर्व्यवहार गरेको छ त्यसप्रति आँखा चिम्लेर क्षमा दिने वा नदिने निर्णय हामीमा नै छ। हामीले दिने क्षमा अरूको भरमा होइन तर येशूले हामीलाई के गर्नुभयो भनेर विश्वास गर्ने आधारमा क्षमा दिन सक्ने सक्षम हुनु नै हामीमा प्रभु येशूको सत्य आत्मालाई पोषाइ राख्नु हो।

**येशू ख्रीष्टले गर्नुभएको क्षमामा हामी केन्द्रित भएर बस्दा हामीले पनि अरूलाई क्षमा दिन कसरी सिक्दछौं? यदि कोही इसाई हुँ भनेर दावी गर्दछ भने उसको मनस्थिति क्षमा दिन सक्ने किन हुनुपर्छ जसले गर्दा उसको आत्मिक अनुभव स्वस्थ हुन्छ अर्थात् इसाई अनुभवले निरन्तरता पाउन हामीहरूको जीवनशैलीमा क्षमा दिने तत्व किन अत्यावश्यक छ?**

## ५. पुनर्स्थापना वा फेरि मिलाप र एकता

**जब चर्चका कुनै भाइ वा बहिनीले हामीलाई रिस उठाउँछ वा हामीप्रति दुर्व्यहार गर्छ भने त्यसको समाधानको निम्ति येशूले तिन कदम चाल्न सिकाउनुभएको छ। के ती तिन कदमहरू केवल दुई हजार वर्ष अघि रहेका मानिसहरूमा मात्र लागु हुन्छ र? के त्यो हामीहरूको वर्तमान परिस्थितिमा पनि**

**लागु हुन्छ ? हेर्नुहोस् मत्ती १८:१५-१७ "१५ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गऱ्यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। १६ तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। १७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्। १८ "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ।"**

मत्ती १८मा येशूले उहाँको चाहना अनुसार दिनुभएको सल्लाह महत्त्वपूर्ण मान्नु पर्छ। चर्चका विश्वासीहरूको बीचमा एक आपसमा हुने झगडा सकेसम्म सानो समूहमै सिमित राखून् भन्ने येशूको चाहना हो। यदि दुई जनाको बीचमा कचकच भएको छ भने तिनीहरू आफैले त्यसको समस्या सुल्झाऊन् भन्ने उहाँको चाहना हो। त्यसैकारणले येशूले यो निर्देशन दिनुहुन्छ "यदि तिम्रो भाइ तिम्रो बिरुद्धमा गएको छ भने तिमीले उसलाई एक्लै बोलाएर उसको दोष देखाउनु" (मत्ती १८:१५ रूपान्तरित)। जब दुई भाइको बीचमा झगडामा अरू मानिस आयो भने त्यो झगडा झन ठूलो हुन जान्छ र कलह बढ्छ। अनि त्यसले गर्दा त्यो झगडा चर्चका अरू विश्वासीहरूको बीचमा पनि फैलिन सक्छ र सङ्गतिमा पनि बाधा हुन सक्छ। मानिसहरूले एक र अर्कोको पक्ष लिन्छ र चर्चमा गृह युद्ध नै हुनसक्छ। जब विश्वासीहरूको बीचमा भएको आपसी झगडा येशूको आत्माको प्रेमले प्रेरित भएर मिलाउन खोज्छ र एक आपसमा समझदारी हुन्छ भने पुनर्मिलनको बातावरणको सृजना हुन्छ। त्यस समय जब ती विश्वासीहरूमा भएका एक आपसको मतभेदलाई सुल्झाउन तिनीहरू प्रयास गर्दछन् तब पवित्र आत्माले पनि तिनीहरूको प्रयासमा साथ दिने ठिक वातावरण बन्दछ।

कहिलेकाहीँ आपसी द्वन्द्वलाई आफू आफूहरूमै मिलाउन नसक्ने हुन सक्छ। त्यस बखतमा हामीहरूको बीचमा एक जना वा दुई जनालाई सहयोगको निम्ति अनुरोध गर्न सकिन्छ। तर पहिला आफू आफूहरूमा नै सम्बन्ध राम्रो गर्न प्रयास गर्नुपर्छ अनि मात्रै अरूलाई भित्राउन सकिन्छ। यसको लक्ष्य के हो भने मानिसहरूलाई एक साथमा राख्न खोज्नु हो, झगडाको कारण एक आपसमा टाढा हुने होइन। जब झगडाको बीचमा कोही आउँछ वा

आउन दिन्छ भने त्यो आउने मानिसले आफ्नो राय ठिक भएको भनेर देखाउन होइन न त एकले अर्कोलाई दोष लगाउन हो। तिनीहरू इसाई प्रेम र करुणाले अभिप्रेरित भएर सरसल्लाह दिन आएका हुन्छन्। नमिल्ने व्यक्तिहरूलाई प्रार्थनाद्वारा मिलाउन ती आगन्तुकहरूले प्रयास गर्न खोज्नुपर्छ।

कतिपय समयमा समस्यालाई सुल्झाउन सबै व्यक्तिगत प्रयासहरू असफल हुन सक्छ। त्यस स्थितिमा समस्याको बिषयबस्तु चर्चमा ल्याउन येशूले भन्नुहुन्छ। यसको अर्थ यो होइन कि साबथको आराधनामा सबैको सामु व्यक्तिगत झगडालाई प्रस्तुत गरेर साबथको गरिमामय आराधनालाई बिथुलो पार्नु। कतिपय समयमा आफू अरूभन्दा असल छु वा असल इसाई हुँ भनेर देखाउन अरूको व्यक्तिगत चरित्रलाई उघार्न इसाई भनाउँदाले दुष्प्रयास गरेको हुन्छ। समस्या सुल्झाउन जब प्रथम् दुई कदमहरू असफल हुन्छन् तब त्यो समस्यालाई चर्चको बोर्ड वा समितिमा ल्याउनुपर्छ। त्यहाँ पनि दुई झगडियाहरूको बीचमा मिलाउन खोज्नु येशूको चाहना हो। झगडा गर्ने दुवै समूहलाई दोष दिने, आलोचना गर्ने र दोषारोपण गर्ने होइन।

"एक आपसको रिसिबीलाई पाक्न दिएर विद्रोहको भावना जगाउन दिनुहुन्न। एक आपसमा भएको चोटलाई झन गहिरो पार्न तिखो शब्दहरू प्रयोग गर्नु हुँदैन। त्यसले गर्दा सुन्ने मानिसहरूको दिमागमा पनि दाग बस्दछ। तपाईंको र तपाईंको विरोधीको दिमागमा तितो अर्थात् नरमाइलो सोचहरूले भर्न नदिनुहोस्। तपाईंलाई नराम्रो व्यवहार गर्ने भाइकहाँ तपाईं गएर नम्र भएर हृदयदेखि नै तपाईंलाई चोट परेको बिषयको बारेमा छलफल गर्नुहोस्।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स्, पृ. ४९९बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइट इन्साइक्लोपिडियाको पृ. ८२५, ८२६को लेख "फोर्गिमिनेस" पढ्नुहोस्।

"पवित्र आत्माको अनुग्रहको प्रवाह सुनिश्चित गर्न र परमेश्वरको प्रतिज्ञाको एक बुँदा पनि फेल हुन नदिन प्रभु येशूको निम्ति परिश्रम गर्नेहरूले देहायका शर्तहरू पालन गर्नुपर्दछः प्रत्येकको आफ्नो हृदयमा येशूलाई सजाइ राख्नु, सबै स्वार्थहरूलाई मर्न दिनु, एक आपसमा प्रतिस्पर्धा र बिरोधको भावना पोष्न नदिनु, आफ्नो भाऊ खोज्ने तँछाडमछाड गर्ने प्रवृत्ति अर्थात् आफू माथि आउने भिडन्तगर्ने मनस्थिति त्यागनाले विश्वासीहरूको बीचमा एकता कायम

राख्छ, आफूहरूलाई शुद्धतामा राख्नु र एक आपसमा प्रेम देखाउनु त्यो नै प्रेमको अनुभव हो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. १७५बाट रूपान्तरित।

"यदि हामीहरूको आश्रय र उच्च धरहरा येशूसँग परमेश्वरको महान् दिनमा उभिन चाहन्छौं भने हामीहरूमा भएका डाहा, रिस, र ठूलो पदमा बस्ने महत्त्वाकाँक्षालाई त्याग्नै पर्छ। ती अपवित्र तत्वहरूलाई जरैदेखि उखेलेर फाल्नुपर्छ। तिनीहरूलाई फेरि पल्हाउन दिनुहुन्न। सम्पूर्ण रूपमा हामी परमेश्वरको पक्षमा उभिरहनुपर्छ।"-एलेन जी ह्वाइट, लास्ट डे इभेन्टस्, पृ. १९०बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) कलस्सी ३:१२-१७ पढ्नुहोस् "१२ परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। १३ एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। १४ यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। १५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। १७ कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर।" कलस्सीका चर्चका येशूभक्तहरूमा हुनुपर्ने के के गुणहरू छन् सो हुन खोज्न पावलले तिनीहरूलाई आग्रह गर्दछन्। सबै द्वन्द वा झगडालाई सुल्झाउन ती गुणहरूलाई आधार किन मान्नुपर्छ? मत्ती १८:१५-१८मा येशूको

चाहनालाई अगाडि बढाइ राख्न ती नीतिहरू हाम्रो निम्ति किन मार्गनिर्देशन हुन सक्छ?

आ) कलस्सी ३:१२-१७मा कोरिएका नीतिहरू चर्चको एकताको निम्ति किन अत्यावश्यक छ?

इ) यदि हामीले समुच्च रूपमा हामीहरूको स्थानीय वा अन्तराष्ट्रिय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई हेऱ्यौं भने कुन् त्यस्तो महान् तत्व छ जुन सबै एक भएर संसारको सामु ढुक्क भएर जान अति आवश्यक छ? के हामीहरूको शिक्षादीक्षा वा दर्शनहरू हो कि? त्यो कदापी होइन। हामी सारा संसारमा हामीले पाएका शिक्षादीक्षा घोषणा गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको छ। तर यदि हामीहरूको बीचमा आन्तरिक कलह भयो भने, सानो तिनो कुरामा रिस गरेर बस्यौं भने, एक आपसमा टोकाटोक गरेर आलोचना गर्न थाल्यौं भने हामीहरूको स्वार्थलाई पोषाइ राख्यौं भने, तँछाडमछाड गरेर आफू आउन खोज्ने प्रवृत्ति जस्ता अरू धेरै मनस्थितिहरूलाई हामीहरूको चरित्रमा प्रवेश गर्न दियौं भने एक भएर परमेश्वरको सन्देश सुनाउने काममा हानी हुनसक्छ। चर्चको एकतालाई कायम राख्न र तपाईं पनि चर्चसँग मिलोमत्तो गरेर एक भएर सक्रिय हुन पवित्र आत्माको शक्तिको निम्ति प्रार्थना निरन्तररूपमा किन नगरिरहने?

**सारांशः** येशूको सुसमाचार केवल आत्मिक समाचारमात्र नभएर त्यसले मानिसमा भएको चोटलाई निको पार्छ र उसको जीवनमा आमूल परिवर्तन अर्थात् काया पलट गराउँछ। जब ती तत्वहरू हामीहरूको जीवनमा हुन्छ तब त्यसले अरू मानिसहरूसँगको सम्बन्धमा गहिरो प्रभाव नपारी छोड्दैन। यो संसार पापै पापले भरिएतापनि बाइबलमा यस्ता प्रभावकारी नीतिहरू र उदाहरणहरू छन् जसलाई अपनाउन सक्यौं भने अरूसँग सुमधुर र सौहार्दपूर्ण सम्बन्ध सम्बन्ध राख्न सक्षम् हुन्छौं।

## कथा १०
## बुझ्न गाऱ्हो बाइबल
## जेलिन्डोयोयाओले, ४२ इस्ट टिमोर

जेलिन्डो इस्ट टिमोरको बदमाश मानिस थियो। ऊ जड्याँहा थियो, चुरोठ खान्थ्यो र जुवा खेल्थ्यो। उसको हातभरी टाटु अर्थात् छिलामा चित्रहरू कोरिएका थिए। उसले गुण्डाहरूको समूह खडा गरेको थियो। ऊ हरेक हप्ता चर्च जान्थ्यो तर जहिले पनि ऊ उदास थियो। ऊ गएको चर्च रोमन क्याथोलिक चर्च थियो। त्यहाँको पास्टरलाई फादर भनिन्छ।

२१ वर्षको हुँदा उसलाई बाइबल पढ्न अत्यन्त चाहना भयो। उसँग बाइबल थिएन। त्यसकारण उसको घरबाट ९०० माइल अर्थात् १४०० किलोमिटर टाढा रहेकी दिदीलाई बाइबल किन्न अनुरोध गऱ्यो। उनकी दिदी इन्डोनेसियाको एक सहर सुराबायामा बस्दथी।

"दिज्यू, मलाई एउटा बाइबल किनेर पठाइ दिन सक्नुहुन्छ?" उसले अनुरोध गऱ्यो। दुई हप्तापछि उसले बाइबल पायो। एक महिनाभित्र उसले उत्पत्तिदेखि प्रकाशसम्म पढ्यो। तर उसले केही पनि बुझेन। उसले दोस्रो पल्ट बाइबल पढ्यो र तेस्रो पल्ट पनि तर उसले केही बुझेन। घुँडा टेकेर उसले प्रार्थना गऱ्यो, "हे परमेश्वर तपाईंको वचन म बुझ्न चाहन्छु। तर कसरी बुझ्ने मलाई थाहा छैन। तपाईंको पवित्र आत्मा मलाई पठाउनुहोस र बाइबल पढ्न अगुवाई उहाँद्वारा गरियोस्।" अनि फेरि चौथो पल्ट उसले बाइबल पढ्यो। जब जब उसले बाइबल पढ्यो तब तब उसले पवित्र आत्माबाट सो बुझ्न पाउँ भनी प्रार्थना गऱ्यो। त्यसरी प्रार्थना गरेर पढ्दा धेरै नयाँ कुराहरू भेट्टाउँदा उसलाई अचम्म लाग्यो। पढ्दा पढ्दा उसले प्रस्थान २०:४-५मा रहेको दोस्रो आज्ञा पढ्न पुग्यो। त्यहाँ परमेश्वरले भन्नुभएको थियो, "तिमीले आफ्नो निम्ति खोपिएको मूर्ति नबनाउनु। आकाश, पृथ्वी, पृथ्वीमुनि वा पानीमा भएका कुनै पनि बस्तुको आकार नबनाउनु। तिनीहरूलाई नढोग्नु र तिनीहरूलाई पुजा नगर्नु।" (रूपान्तरित)। "हाम्रो चर्चमा कुँदिएका मूर्तिहरू किन छन्?" उसले अचम्म मानेर सोच्यो। ऊ प्रत्येक आइतबार चर्चमा गइरह्यो र तिन वर्षसम्म प्रत्येक बेलुका बाइबल पढिरह्यो। उसले बिबाह पनि गऱ्यो र दुईवटा पसलहरू पनि खोल्यो।

एक दिन उसको पसलमा एक जना थोमस लोपस् नाउँ गरेको सेभेन्थ-डे एडभेन्टिस्ट आए र मार्क फिन्लीले लेखेको "द अलमोस्ट फर्गटन डे" (झण्डै बिर्सिएको दिन) भन्ने किताब बेच्यो। त्यो किताब पढेर शनिबार नै बाइबलमा भनेको साबथ रहेछ भनेर थाहा पाएपछि ऊ अत्यन्त झस्क्यो। उसले यो पुस्तकको पछाडिको पानामा थोमासको फोन नम्बर भेट्टायो र आफ्नो पसलमा आउन फोन गऱ्यो। जब थोमास जेलिन्डोको पसलमा आयो तब उसले तुरन्तै सोध्यो, "यो पुस्तकमा आइतबार नभनी शनिबार नै साबथ दिन हो भनेर किन लेखियो?" थोमासले उसलाई सिधै जवाफ दिएनन्। तर उनले जवाफ दिए, "तपाईँ आफै बाइबल पढ्नुहोस् र पवित्र आत्माले तपाईँलाई जवाफ दिउन्।" जेलिन्डोले बाइबल फेरि पढ्यो। जब मत्ती २८:१मा ऊ आइपुग्यो उसले पढ्यो "अब साबथपछि जब हप्ताको पहिलो दिनको बिहान भयो, मेरी मग्दलिन र अर्को मेरी चिहानमा हेर्न आए।" त्यहाँ उसले जवाफ पायो। बाइबलले आइतबारलाई हप्ताको पहिलो दिन भन्छ। अर्को शनिबार उसले आफ्नो पसल थुन्यो र शनिबार बिहान आफ्नो चर्चमा भएको सेवा सङ्गतिमा भाग लियो।

केही हप्तापछि शनिबार बिहानको सेवासङ्गतिपछि फादरले उसलाई सोध्यो "तिमी किन आइतबारको सट्टा शनिबार चर्चमा आउँछौ? तिम्रो श्रीमती र तिम्रो बच्चा आइतबार चर्चमा आउँछन् तर तिमीचाहीँ आइतबार चर्च आउन छोड्यौ।" जेलिन्डोले जवाफ दियो, "मैले बुझे अनुसार प्रभु येशूको आराधना गर्ने दिन शनिबार हो आइतबार होइन।" "अहँ, आइतबार नै हो शनिबार होइन" फादरले जवाफ दियो। फादरको उक्त जवाफले उसलाई आफ्नो चर्चमा धेरै असजिलो लाग्न थाल्यो। जब जब ऊ चर्चमा जान्थ्यो तब तब उसले बिभिन्न मूर्तिहरूलाई हेर्दै जानुपर्दथ्यो। एक दिन ती मूर्तिहरूको सामु घुँडा टेकेर प्रार्थना गऱ्यो "हे प्रभु, के चर्चमा यी मूर्तिहरू राख्नु ठिक छ त? के तपाईँले खोपिएको मूर्तिहरू राख्न दिनुहुन्छ?" (येशू, मरियम, बिभिन्न इसाई सन्तहरूको मूर्तिहरू चर्चमा थिए)।

एक दिन उसले यशैया ४२:८ पढ्यो जसमा लेखिएको थियो, "म प्रभु हुँ। मेरो नाउँ त्यही हो। मेरो महिमा अरू कसैलाई दिन्न न त कुनै खोपिएको व कुँदिएको मुर्तिहरूलाई मैले पाउनुपर्ने प्रशंसा दिन्छु।" (रूपान्तरित)। यो पढेर उसको सातोपुत्लो गयो। कुनै पनि मूर्ति बनाएर पूजा गर्नु परमेश्वरले मनाही गर्नुभएको उसले महसुस गऱ्यो र ती मूर्तिहरूलाई पूजा नगर्ने निर्णय उसले गऱ्यो।

फादरलाई टेलिफोन गरेर उसले सोध्यो, "मलाई तपाईंले सहयोग गर्नुहोस्। यदि तपाईंले मलाई सहयोग गर्नुभएन भने म चर्च छोड्छु। मेरो घरमा एक पटक आउनुहोस्।" जब फादर उसको घरमा आए तब जेलिन्डोले चर्चमा भएका मूर्तिहरू र साबथको बारेमा धेरै प्रश्नहरू उनलाई सोध्यो। "भाइ, विश्वासमात्रै गर्नु। त्यति भए पुगिहाल्छ नि। यी नाना थरिका कुराहरूमा किन चासो राख्ने?" फादरले भन्यो। फादरले भनेको कुरा जेलिन्डोलाई चित्त बुझेन। धेरै बाइबल पढेपछि उसले यो निष्कर्श निकाल्यो कि जे विश्वास गर्छ त्यस अनुसार चल्नुपर्छ। आखिरमा उसले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लियो।

चार वर्षपछि जेलिन्डो इस्ट टिमोरको महत्त्वपूर्ण चर्चको सदस्य भइरहेको छ। उसको कारणले धेरै मानिसहरूले बप्तिस्मा लिए।

सन् २०१५को तेऱ्हौं साबथ स्कुलको भेटीको केही भागले इस्ट टिमोरको राजधानी डिलीमा पहिलो सेभेन्थ-डे एडभेन्टिस्ट स्कुल खोल्न सहयोग गरेको थियो। त्यस भेटीको निम्ति तपाईंहरूलाई धन्यवाद।

लेखकः *आन्ड्र्यु मेकचेस्नी*